म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- १६२ २०८० वैशाख २३ गते शनिबार 6 May 2023, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

- बालबालिकाको संरक्षण र विकासमा ध्यान दिऔं ।
- बालबालिका माथि हुने हिंसाको उजुरी प्रहरीमा गरौं ।
- बालबालिका बेचविखन र तस्करी नियन्त्रण गरौं ।
- बालबालिकालाई पारिवारीक वातावरणमा हुर्कन अवसर दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

विदामा कार्यालय खुला, सेवाग्राही न्यून

जिल्ला प्रशासन कार्यालय

समाज संवाददाता

हेटौंडाः शुक्रबार जिल्ला प्रशासन कार्यालय मकवानपुरमा सेवाग्राहीको उपस्थिति न्यून रहेको छ । सार्वजनिक विदाको दिन अत्यावश्यक सेवा दिने सरकारी कार्यालय सुचारु गर्ने संघीय सरकारको निर्णयबमोजिम खुला भएको जिल्ला प्रशासनमा सेवाग्राहीको उपस्थिति न्यून रहेको हो ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरबाट शुक्रबार २ जनाले नयाँ नागरिकता लिएका छन् । यस्तै, ३ जनाले नागरिकताको प्रतिलिपि लिएका छन् । १० जनाले राष्ट्रिय परिचयपत्र बनाएको र ३२ जनाले राहदानी लिएको सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले जानकारी दिनुभयो ।

२५७६ औं बुद्ध जयन्तीको अवसरमा शुक्रबार सार्वजनिक विदा भए पनि संघीय सरकारको गत चैत २ गते राजपत्रमा प्रकाशित सूचनाअनुसार सार्वजनिक विदामा जिल्ला प्रशासन कार्यालय खुला गरिएको थियो । सार्वजनिक विदाको दिन भएकाले सेवाग्राहीको उपस्थिति न्यून रहेको सहायक प्रमुख जिल्ला अधिकारी शर्माले जानकारी दिनुभयो । सरकारले सार्वजनिक विदामा कार्यालय खुलाउने भने तापनि सबैमा सूचना नपुगेको हुनसक्ने शर्माको भनाई छ ।

नेपाल सरकारले उभौली पर्व/चण्डी पूर्णिमा/वैशाख पूर्णिमा/बुद्ध जयन्ती, गणतन्त्र दिवस, रक्षा बन्धन, श्रीकृष्ण जन्माष्टमी, घटस्थापना, क्रिसमस डे, उधौली पर्व/धान्य पूर्णिमा/योमरी पुन्ही, तमू ल्होसार, पृथ्वी जयन्ती/राष्ट्रिय एकता दिवस, माघी पर्व/माघे सक्रान्ती, जनयुद्ध दिवस, राष्ट्रिय प्रजातन्त्र दिवस, महाशिवरात्री, अन्तराष्ट्रिय महिला दिवस, ग्याल्पो ल्होसार, इद उल फित्र, बकर इद गरी १६ दिन हुने सरकारी बिदाका दिनमा पनि जिल्ला प्रशासन कार्यालय खुल्ने निर्णय कार्यान्वयन गर्ने भएको हो । सरकारले कर्मचारीलाई सट्टा बिदाको व्यवस्था गरेर काम गर्न लगाउने निर्णय गरेको जिल्ला प्रशासन कार्यालय मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताउनुभयो ।

“जाँड-रक्सी महोत्सव” उत्कृष्ट कविता

प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल कविलाई पुरस्कृत गरिँदै ।

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको राजधानी हेटौंडामा आयोजना भएको खुला हास्यव्यंग्य कविता प्रतियोगितामा भक्तपुरका डिल्लीप्रसाद मुलतिहुनका “जाँड-रक्सी महोत्सव” शीर्षकको कविता उत्कृष्ट घोषित भएको छ । शुक्रबार सिस्नुपानी नेपाल मकवानपुरको आयोजना तथा हेटौंडा उपमहानगरपालिका-४ नम्बर वडाको विशेष सहयोगमा भएको प्रतियोगितामा २५ प्रतियोगीमध्ये डिल्लीप्रसादको कविता प्रथम हुन सफल भएको हो । प्रतिस्पर्धामा प्रथम हुन सफल डिल्लीप्रसादले १५ हजार रुपैयाँ नगद पुरस्कारसहित प्रमाणपत्र प्राप्त गर्नुभएको छ ।

यसैगरी मकवानपुरका प्रभास घिमिरेको बाँदर शीर्षकको कविता द्वितीय हुन सफल भएको छ । घिमिरेले १० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नुभएको छ । सुनसरीका सुरज पराजुलीको “फलानो” शीर्षकको कविता तृतीय हुन सफल भएको छ । पराजुलीले ५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नुभयो । यसैगरी पाँचथरका कमल घिमिरेको “नेताज्यूलाई स्वागत छ” र कास्कीका संयोग बस्यालको “हामी” शीर्षकको कविता सान्त्वना हुन सफल भएको छ । घिमिरे र बस्याल नगद ३/३ हजार रुपैयाँ प्राप्त गर्नुभएको छ ।

प्रतियोगितामा सहभागिताका लागि प्राप्त ८१ कविता मध्ये आयोजकले २५ वटा कवितालाई प्रारम्भिक छनोट गरी प्रस्तुतीको अवसर दिएको थियो । प्रारम्भिक छनोटमा परेका ४ जना कवि प्रस्तुतीको चरणमा सहभागी भएनन् । धनकुटा, पाँचथर, मकवानपुर, भक्तपुर, गुल्मी, कास्की, नवलपरासी, पर्वत, गोरखा, तनहुँ, उदयपुर, रुपन्देही, धादिङ, सुनसरीका २५ प्रतियोगी कविता वाचनका लागि छनौट भएका थिए । हरेक बर्ष वैशाख १९ गते सिस्नुपानी नेपालको स्थापना दिवसमा विविध कार्यक्रम हुँदै आएको छ । सोही अवसरमा सिस्नुपानी नेपाल मकवानपुरका अध्यक्ष राजकुमार लामिछानेको सभाध्यक्ष तथा सिस्नुपानी नेपालका केन्द्रीय संस्थापक अध्यक्ष तथा सल्लाहकार नरनाथ लुइँटेलको प्रमुख आतिथ्यमा प्रतियोगिता भएको हो ।

हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देलको विशिष्ट आतिथ्य रहेको थियो । सिग्देलले जेठमा वृहत् उद्योग तथा कला-संस्कृति कार्यक्रम गरिने पनि जानकारी दिनुभयो । कार्यक्रममा सिस्नुपानी नेपालका केन्द्रीय सचिव राजकुमार घिमिरे, सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिल, आँचल साहित्य कल पुञ्जकी अध्यक्ष भावना सापकोटालगायतका साहित्यकारको उपस्थिति थियो ।

पाँच महिनापछि प्रतिपक्षमा रास्वपा

काठमाडौंः आमनिर्वाचनको पाँच महिनापछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रतिपक्षी भूमिकामा रहने निर्णय गरेको छ । शुक्रबार बसेको संसदीय दल र केन्द्रीय कार्य समितिको संयुक्त बैठकले सरकारलाई दिएको समर्थन फिर्ता लिएर प्रतिपक्षमा बस्ने निर्णय गरेको हो । ‘एउटा रचनात्मक प्रतिपक्ष कस्तो हुनुपर्छ भन्ने धेरैले हेर्न चाहेको हामीले बुझेका छौं’ बैठकपछि आयोजित पत्रकार सम्मेलनमा सभापति रवि लामिछानेले भने, ‘नयाँ राजनीतिक पार्टी रचनात्मक हुँदा, त्यसले जनताको मुद्दा, समाजको मुद्दा र राष्ट्रको मुद्दालाई संसदमा कुन ढंगले अगाडि राख्छ त्यो कुरा गर्छौं ।’

पार्टी गठनको ६ महिनामै अप्रत्यासित मत पाएर राष्ट्रिय राजनीतिमा उदाएको रास्वपाले सत्तारुढ भएरै संसदीय यात्रा थालेको थियो । ४ मंसिरको चुनावपछि पहिलो संसद बैठक (२५ पुसमा) बस्नु अगाडि नै रास्वपा सत्तारुढ बनिसकेको थियो । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रधानमन्त्रीको शपथ लिएकै दिन (११ पुसमा) लामिछानेलाई उपप्रधान एवम् गृहमन्त्री नियुक्त गरेका थिए । ३ माघमा रास्वपाबाट शिशिर खनाल शिक्षा, डोलप्रसाद अर्याल श्रममन्त्री र तोसिमा कार्की स्वास्थ्य राज्यमन्त्री नियुक्त भए ।

तर यसको महिना नपुग्दै रास्वपा सरकारबाट बाहिरियो । नागरिकता विवादमा सर्वोच्च अदालतले गरेको फैसलाबाट १३ माघमा सभापति लामिछाने उपप्रधान एवम् गृह, सांसद र सभापति पदबाट मुक्त भए । त्यसपछि विकसित परिस्थितिमा लामिछानेलाई फेरि पुरानै पदमा नियुक्त गर्न प्रचण्ड तयार भएनन् । जवाफमा रास्वपाले २२ माघमा सरकारबाट बाहिरिने निर्णय गऱ्यो । तर प्रचण्ड नेतृत्व सरकारलाई दिएको समर्थन फिर्ता लिएन । प्रचण्डले गठबन्धन बदल्ने निर्णय गर्दा पनि रास्वपाले साथ दियो ।

२५ फागुनमा सम्पन्न राष्ट्रपतिको चुनावमा रामचन्द्र पौडेललाई मत दिएको रास्वपाले ३ चैतमा सम्पन्न उपराष्ट्रपतिमा रामसहायप्रसाद यादवलाई मत दियो । उपराष्ट्रपतिमा रास्वपाको पार्टी निर्णय चाहिँ जनमतकी ममता झालाई मत दिने थियो । तर सत्तारुढकै उम्मेदवार यादवलाई मत दियो ।

६ चैतमा प्रचण्डलाई दोस्रोपटक पनि रास्वपाले विश्वासको मत दियो । माओवादी केन्द्रले गठबन्धन बदल्दा नेकपा एमाले र राप्रपाले समर्थन फिर्ता लिएकाले प्रचण्डले दुई महिनाभित्रै विश्वासको मत लिनुपर्ने आवश्यकता परेको थियो । यसरी सरकारबाट बाहिरिएर पनि समर्थन कायमै राखेको रास्वपाले १० वैशाखको उपनिर्वाचनमा सत्तारुढसँगै एकल प्रतिस्पर्धा गर्यो । नतिजा आमनिर्वाचन भन्दा उत्साहित आयो ।

चितवन-२ मा लामिछानेले पहिले भन्दा मतान्तर र मत दुवै बढाएर जिते भने तनहुँ-१ मा रास्वपा उम्मेदवार स्वर्णिम वाग्ले निर्वाचित भए । यसको १० दिनभित्रै रास्वपाले प्रतिपक्षी भूमिकामा रहने निर्णय गरेको छ । एक नेताका अनुसार, समर्थन फिर्ता लिने निर्णयमा केही नेताहरुले शुक्रबारको बैठकमा पनि फरक मत राखेका थिए । ‘सत्तामा गएर काम गर्नुपर्छ भन्ने मत पनि थियो । तर प्रतिपक्षमा जाने निर्णय गर्दा सबै सहमत हुनुभयो’, बैठकमा सहभागी ती नेता भन्छन् ।

सरकारमा जानुपर्छ भन्ने मत राख्नुहरुले अहिले भइरहेका मन्त्रीहरु भन्दा बढी काम गर्न सकिन्छ भन्ने मत राखेका थिए । तर समर्थन फिर्ता लिने पार्टी निर्णय भएकाले अब रचनात्मक प्रतिपक्षी बन्नेमा ध्यान केन्द्रित गर्ने प्रमुख सचेतक सन्तोष परियार बताउँछन् । पत्रकार सम्मेलनमा सभापति लामिछाने पनि सरकारमा लैजाने पहल भएपनि प्रतिपक्षीमा जाने निर्णय गरेको बताए । उपनिर्वाचनको नतिजा लगत्तै लामिछानेले समर्थन फिर्ताको संकेत दिएका थिए । तर लगत्तै प्रधानमन्त्री प्रचण्डसँग एकपटक वार्तामा बसेपनि लामिछानेले समर्थन फिर्ता लिने निर्णय गरे ।

प्रतिपक्षमा जाने निर्णयसँगै रास्वपा पनि यसअघिका पार्टीहरुले खेपेकै नियतिमा पुगेको छ । यसअघि पनि नयाँ दलले (अपवाद बाहेक) पहिलो संसदीय निर्वाचनबाटै सत्तारुढ भएर यात्रा थाल्ने र छोटो अवधिमै प्रतिपक्षी बन्ने नियति खेपेको छ । जस्तो- २०१५ सालको संसदीय चुनावबाट कांग्रेस अनि २०६४ को पहिलो संविधानसभा चुनावबाट माओवादी र मधेशी जनाधिकार फोरम सरकारमा गएको थियो । त्यसबेला तीन वटै दल पहिलोपटक चुनावमा भाग लिएका थिए । र तीन वटै दल छोटो अवधिमै सरकारबाट बाहिरिँदै प्रतिपक्षी बन्यो । जुन नियति रास्वपामा पनि देखिएको छ ।

सँगै, रास्वपाले पनि यही कार्यकालमा फेरि सत्तारुढ बन्ने संभावना पनि बाँकी राखेको छ । ‘गठबन्धन बनाउँदै, अस्थिरता गर्दै हिड्दैनौं । तर अस्थिरता हुन्छ भनेर यो सरकारले काम गर्ने वातावरण बनाएन भने एउटा दलले गर्ने काम गर्छ’, रास्वपा सभापति लामिछानेले भनेका छन् । अर्थात् सत्ता हेरफेरको खेलबाट रास्वपा अलग नरहेको अनुमान गर्न सकिन्छ । मंसिर यता भएका रास्वपाको निर्णय, संसदको समीकरण र लामिछानेको अभिव्यक्तिले पनि त्यसलाई बल पुग्छ । यदि त्यस्तो अवस्था आउने परिस्थिति बन्ने हो भने रास्वपाले शुक्रबार गरेको निर्णय नेकपा एमालेलाई राहत र प्रधानमन्त्री प्रचण्डलाई चुनौती हुनेछ । स्रोतः अनलाइनखबर ।

कोभिड-१९ को स्वास्थ्य आपतकाल अन्त्य भएको घोषणा

काठमाडौंः विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) ले कोभिड-१९ लाई लिएर जारी गरेको उच्च तहको सतर्कता तीन वर्षपछि हटाएको छ । विश्वव्यापी स्वास्थ्य आपतकालको रुपमा अब कोरोना महामारी नरहेको घोषणा गर्दै डब्ल्यूएचओले संक्रमण रोकथामका लागि अपनाउने गरिएका सतर्कता हटाएको हो । डब्ल्यूएचओको यो घोषणालाई कोरोना महामारी अन्त्यको एउटा महत्वपूर्ण कदमको रुपमा लिइएको छ ।

चीनको वुहान शहरबाट सुरु भएको कोरोना भाइरस संक्रमणले विश्वव्यापी महामारीको रुप लिएको थियो । भाइरसको फैलावट रोक्न डब्ल्यूएचओ कडा प्रतिबन्धात्मक नियमहरु जारी गरेको थियो । कोरोना महामारीका कारण विश्वभर ७० लाख मानिसको मृत्यु भएको पुष्टि डब्ल्यूएचओले गरेको छ । तर उसले मृतकको संख्या यो भन्दा तीन गुणा बढी हुन सक्ने अनुमानसमेत गरेको छ ।

अधिकारीहरूका अनुसार कोरोना संक्रमणका कारण साप्ताहिक मृत्युदर सन् २०२१ को जनवरी महिनामा एक लाख भन्दा बढीसम्म पुगेको थियो । यो उच्च विन्दुबाट गत महिना (२४ अप्रिल)मा मृत्युदर तीन हजार पाँच सयमा झरेको बीबीसीले जनाएको छ । डब्ल्यूएचओका महानिर्देशक डा. टेड्रोस एड्हानोम गेब्रेयससले आपतकालीन समितिको १५ औं बैठकमा आएको सुझाव अनुसार जनस्वास्थ्य आपतकाल अन्त्य भएको घोषणा गरेको बताएका छन् । तर खतरा भने कायमै रहेको उनले बताएका छन् । अवस्था फेरिएमा स्वास्थ्य आपतकाल फेरि घोषणा गर्न सकिने उनले बताए । स्रोतः अनलाइनखबर ।

हार्दिक बधाई

प्रकाश पौडेल कुमार पौडेल

काठमाडौंमा बिहीबार सम्पन्न **ग्रिल तथा स्टील व्यवसायी महासंघ**को **नवौं महाधिवेशन**बाट मकवानपुर ग्रिल तथा स्टील व्यवसायी संघका प्रमुख सल्लाहकार आदरणीय **प्रकाश पौडेल** केन्द्रीय समितिको उपाध्यक्ष तथा मकवानपुरका निवर्तमान अध्यक्ष **कुमार पौडेल** केन्द्रीय समिति सदस्यमा सर्वसम्मत निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

केशव प्रसाई
अध्यक्ष

रविकृष्ण नकर्मी
सचिव

एवम् मकवानपुर ग्रिल तथा स्टील व्यवसायी संघ परिवार
हेटौंडा, मकवानपुर

आकर्षक जग्गा भाडामा

हेटौंडा-२, बालजागृति बोर्डिङ स्कुलको लाईनमा ३ कठ्ठा खाली जग्गा भाडामा उपलब्ध छ । विशेषगरी ठूला कम्पनीहरुका लागि अति उपयुक्त छ । आवश्यक कम्पनिले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

इच्छुकले तु. सम्पर्क गर्नुहोला ।
सम्पर्कः ९८४१२७४८८३, ९८६१९४४५५८

हाँस्ने कि रुने ?

अकबर वीरबलको कथा

रमजान पर्व भर्खरै समाप्त भएको थियो । अकबरको दरबारमा अरबतिरका प्रतिनिधिहरु आएका थिए । उनीहरको सम्मान खातिर बिहानै राजसभा राखिएको थियो । अरु बेलाभन्दा त्यस बिहान भाइ भारदार र मन्त्रीहरु चाँडै आउनु स्वभाविकै थियो । राजा पनि चाँडै नै सभामा आउनुपर्ने थियो तर उनी तोकिएको समयमा पनि आइपुगेनन् । अतिथि गृहमा बसेका पाहुनाहरु समेत आइपुगे । अब के गर्ने होला भन्ने अन्योल हुन थाल्यो । यसै बीचमा एक जना सिपाहीले खबर ल्यायो, “लौ जहाँपना (आदरार्थी शब्द)को सानीमा परलोक हुनुभयो ।”

उपस्थित मानिसहरु एकअर्कोमा हेराहेर गर्न थाले । “लौ, अब त दरबारमा शोक पर्न लाग्यो ।” मानिसहरुबीच खासखुस चल्न थाल्यो ।

“शुभसमाचार, शुभसमाचार, शुभसमाचार भर्खरै जेठी बेगम साहिबाले पुत्र जन्माउनुभयो ।” अर्को सिपाहीले सभालाई सुनायो । भाइदार र पाहुनाहरु झन् अलमलमा परे । अब बादशाह आउँदा खुशी प्रकट गर्दै हाँस्ने कि उनको सानीमाको मृत्युमा शोक मान्दै रुने ? भन्ने प्रश्न उठ्यो । सबैले यसको निरुपण गर्न वीर बलतिर हेरे ।

“कसैसँग खुशी प्रकट गर्ने कि दुःख भन्ने कुरा सम्बन्धित व्यक्तिको मुडमा निर्भर गर्छ । बादशाहलाई पर्खू उहाँ कसरी आउनुहुन्छ ? त्यसैलाई आधार मानेर गरुँला ।” वीरबलले जवाफ दिए ।” वीरबलले जवाफ दिए। कुराकानी गर्दागर्दै अकबर आइपुगे। उनको अनुहार न हर्षित देखिन्थ्यो न दुखित । सभामा बसेपछि उनले विदेशी प्रतिनिधिहरुलाई स्वागत गरे र अन्य विषयमा बिचार बिमर्श भयो । सदाझैँ सभा सकिने बेलामा प्रश्न गरे, “हरेक वर्ष रमजान खुशी बोकेर आउँछ कि दुःख ?”

मन्त्रीहरु र सभासदहरु के जवाफ दिने भनेर एक अर्कोको मुख ताक्न थाले । वीरबल भने सदाझैँ आफ्नो आसनमा बसेका थिए । त्यस सभाका थोरै हिन्दूहरुमध्ये वीरबल पनि पर्दथे । र मजानको विषय भएकाले के बोल्नु ? भनेर उनी मौन थिए तर कसैको उत्तर दिन सकेन । अब विदेशीका सामुन्नेमा आफ्नो सभाको इज्जत कसरी राख्नु जब कि अकबरको राजसभा र भाइभारदार त असाध्यै जेहेनदार छन् भन्ने सन्देश संसार भरि फैलिइसकेको छ । यस कुराले अकबरलाई नै पीर पर्‍यो । उनी वीरबलतिर फर्किए ।

“वीरबल ! यो प्रश्न तिमीलाई नसोधेको भए पनि हुन्थ्यो तर हेर न सबैको मौनताले प्रश्न तिमीतिरै पुग्यो । अनुमान गर्न सक्छौ हामी मुसलमानको रमजानले के ल्याउँछ ?”

वीरबल मुसुक्क हाँसे । उनको प्रस्तुतिको शुरुवात मुस्कानबाटै हुने गर्दथ्यो ।

“हुजूर, यो प्रश्न पनि मै कहाँ आइपुग्यो भनेपछि हुजूरसँगै यो प्रश्नलाई पनि धन्यबाद छ । मेरा बिचारमा हरेक वर्ष रमजान खुशी बोकेर आउँछ ।” वीरबलले जवाफ दिए ।

“कसरी ?” अकबरले पुष्टि गर्न भने ।

“हामीले हाम्रो घरमा आएको कुनै पनि पाहुनालाई अपमान गरेर पठायौं अर्थात दुःखी बनाएर पठायौं भने फेरि आउलान् त ?” वीरबलले नै प्रश्न गरे । सभासदहरुले उत्तर दिए, “आउँदैनन्” ।

“यो रमजान पनि दुःख बोकेर आउने भएको भए हुजूरहरुले मनाउनुहुन्थ्यो ? यसको स्वागत गर्नुहुन्थ्यो ? गर्नुहुँदैनथ्यो, यसले हरेक वर्ष खुशी बोकेर आएको छ र न हुजूर तमाम मुसलमानहरु यसको भव्य स्वागत गर्छन ।” वीरबलले जवाफ दिए । उनको जवाफ सुनेर अकबर लगायत सबैले भने, “वाह वाह वीरबल ।” अकबर मजाले हाँसे । बादशाहको मुड हँसी बनेको देखेर सबैले भने “पुत्रलाभका लागि बादशाहलाई बधाई छ ।”

“पीडा”

श्यामप्रसाद श्रेष्ठ

लघुकथा

“बुढा ! हाम्रो एउटा छोरा अमेरिका, एउटा अष्ट्रेलिया, बुहारी पनि उतै, उतै नाति नातिनी जन्माए, उतै हुर्काए बढाए । हुन त हाम्रा सबै आवश्यकताहरु छोराहरुले उतैबाट पठाइदिएको छ । तर आज हामी दुबै १० दिनदेखि ओछ्यानमा परिरहेका छौं । हामीलाई अहिले एक घुट्को पानी खुवाउने पनि कोहि छैन । के भने जस्तो, “बाह्र छोरा तेह्र नाति बुढोको धोक्रो काँधै माथी भने जस्तो पो भो !”

“बुढी ! आज सिंगो देशनै युवा अनि बालबालिका बिहिन हुँदै गैरहेको छ। आज देश अशक्त बृद्धबृद्धाहरुको संग्रहालयको रुपमा रुपान्तरित हुँदै गइरहेको छ । यो हाम्रो मात्र समस्या होइन । यो देशको पनि समस्या हो । एकदिन त राज्यले हाम्रा छोराछोरीहरु बिदेश जानू नपर्ने गरी स्वदेशमा नै रोजगार मिलाउला नि । त्यसपछि अनि हामी छोराछोरीहरुसँगै बसौंला नि, हुन्न ?”

आफ्नो लोग्नेको यस्तो कुरा सुनेर मनमा अलि सान्त्वना मान्दै कान्छीमायाले भनिन्, “हुन्छ बुढा ! अनि अहिले तिमीलाई कस्तो छ ?”

“मेरो लास तिमीले कसरी उठाउँछौ होला भन्ने मात्र मलाई चिन्ता लागिरहेको छ ?”

लोग्नेको अनायास यस्तो जवाफले कान्छिमायालाई मुटुमा कसैले छुरी धसेको जस्तो लाग्यो । उनलाई असह्य पीडा भयो । आँखाबाट बलिन्द्रधारा अश्रु बह्यो ।

कान्छिमायाले अवरुद्ध भएको गलाले मध्यम स्वरमा जवाफ दिइन्, “बुढा ! मेरो लास जसले उठाउँछ, तिम्रो पनि उसैले उठाउँछ ।” यति भनी कान्छिमायाले हर्केलाई छुन हात पसार्‍यो । हर्केले पनि हात पसार्‍यो । एक अर्काको हात दुबैले छुन धेरै प्रयास गर्‍यो । तर सकेन । दुबैको सुक्दै गएको ओठ-मुखले एकै पटक भन्यो, “पानी” ।

दुबैले एक अर्कोलाई हेर्न टाउको घुमाए । चार आँखा भयो । दुबैले आनन्दले लामो सास फेर्दै एक अर्कोलाई आँखा झिमिक्क नै नगरी केवल टोलाई मात्र रह्यो ।

कस्तो सन्जोग ? हर्के र कान्छिमाया दुबैको सिरान छेउ रहेको दुबै मोबाइलमा एकै पटक घण्टी बज्यो । एउटा मोबाइलमा अमेरिका, अर्कोमा अष्ट्रेलिया भनी लेखिएको थियो । लगातार घण्टि निरुत्तर भै बजिनै रह्यो ।

हेटौंडा, चौघडा

मोबाईल

निष्का मानन्धर

हामी पढ्छौं किताब
ज्ञान वृद्धि लिन
यस्ता राम्रा किताब पाई
मोबाइल हेर्छौं किन ?

मोबाइल हेर्न सक्छौं होला
एक दुई दिन त रोक्न
हाम्रा यी हात बनाएइका हुन्
किताबनै बोक्न

किताब पढ्यौं भने
ज्ञान गुण पाउँछौं
धेरै मोबाइल हेर्‍यौं भने
पागल चाहिँ हुन्छौं

मोबाइलको दुरुपयोग
हामीले बुझ्नुपर्छ
नत्र सबै परीक्षामा
जिरो नै जिरो आउँछ

सदुपयोग दुरुपयोग
सबै बुझौं आज
बेलैमा बुझ्यौं भने
गर्छौं हामी राज

कक्षा ४
नवोदय शिशु सदन

मलाई मनपर्ने शिक्षिका

कुशङ खनाल

मलाई मनपर्ने शिक्षिकाको नाम सविता सुवेदी हो । उहाँ २१ वर्षको हुनुभयो । उहाँ कमाने एकेडेमी विद्यालयको कक्षा २ का विद्यार्थीहरुलाई पढाउनुहुन्छ । उहाँले २ कक्षामा मलाई पनि पढाउनु भएको छ ।

उहाँले रमाइलो तरिकाले पढाउनु हुन्थ्यो । उहाँले सबैलाई माया गर्नुहुन्छ । उहाँले मलाई धेरै माया गर्नुहुन्छ । उहाँ कलेजमा पढ्नुहुन्थ्यो र विद्यालयमा हामीलाई पढाउनुहुन्थ्यो । उहाँ धेरै मिहिनेती हुनुहुन्छ । उहाँ मलाई मनपर्ने शिक्षिका हो ।

धन्यवाद

गाउँखाने कथा

१. नीलो दहमा सेतो फूल ।
- तारा

२. परखेँटा भएको उडिरहने घर, मान्छे त्यसको भर पर्छन ।
- हवाईजहाज

३. पकाई पोली खानलाई गर्छन सबै प्यारो, पानी बिना बाँच्न भने मलाई सार्‍है गार्‍हो ।
- माछा

४. पकाउने काम परे सुसाउने गर्छ, लोती समाई ननिमोठे ठहरै मर्छ ।
- दमचुली

५. पकाएको चीजलाई पोलेर खाने, यति नगरी त्यसको कामै नहुने ।
- तमाखु

म एक विद्यार्थी हुँ

सिएम रिमाल

आजका विद्यार्थीमा कला-संस्कृति, अनुशासन र कर्तव्य हुनु टड्कारो आवश्यकता देखिन्छ । कक्षामा शिक्षकले सहजीकरण गरिरहँदा सिकाइमा ध्यान दिनुपर्दछ । शिक्षकको सहयोगमा सिर्जनशील बन्नुपर्दछ । प्रत्येक दिन उपलब्धीमूलक गृहकार्यहरु तथा कक्षाकार्यहरु मात्र गर्नुपर्दछ। परीक्षामुखी भन्दा पनि सिकाइमुखी हुनुपर्दछ। कक्षामा शिक्षकले प्रश्न सोध्दा सहजै उत्तर दिनुपर्दछ तथा अन्तरक्रियामा भरपुर सहभागी हुनुपर्दछ ।

अचेलका सिकाइहरु सबै बालमैत्री छन् । विद्यार्थीको रुचि, उमेरअनुसार सिकाइ पद्धतिहरु अगाडि बढाइरहेको पाइन्छ। विद्यार्थीकेन्द्रित शिक्षण सिकाइहरु भइरहेका छन् । परीक्षाको अङ्कलाई मात्र नभई उनीहरुको सर्वाङ्गीण विकासमा ध्यान दिएको पाइन्छ। जीवन पर्यन्त शिक्षा आजको आवश्यकता हो । त्यसैलाई मध्यनजर गर्दै शिक्षणमा पनि जीवन जिउने कला र सिप सिकाउने ध्याउन्नमा अचेल विद्यालयहरु अगाडि बढिरहेका छन् । देशको मेरुदण्ड विद्यार्थी भएका कारणले उनीहरुलाई सक्षम, दक्ष बनाई बागडोर सम्हाल्न दिनु आजको चौतर्फी आवाज रहेको छ ।

विद्यार्थीहरुमा नम्रता, शिष्टता, इमान्दारिता जस्ता गुण हुनु जरुरी देखिन्छ। सदाचार नैतिक अनुशासन, मीतभाषीपन तथा उचित चरित्रको अवलम्बन गर्नु आजका विद्यार्थीहरुले आफ्नो सम्मान ठान्नुपर्दछ। मोबाइल, इन्टरनेट, जस्ता प्रविधिका साधनलाई सिकाइको माध्यम बनाउँदै रमाउनु पर्दछ । घरकै खानेकुराहरुलाई प्राथमिकता दिनुपर्दछ। बजारीया खानेकुरहरु बढी हानिकारक हुने भएकाले त्यस्ता खानेकुराबाट टाढै रहनुपर्दछ । सजग हुनपर्दछ । जिब्रोको स्वाद भन्दा पनि स्वास्थ्यलाई ख्याल गर्दै त्यस्ता खानेकुरालाई अलग्याउनुपर्दछ। घरमा जस्तो छ त्यसैमा रमाउन सिक्नुपर्दछ । देखाउनलाई भन्दा पनि जीवन धान्ने सोच बनाएर अगाडि बढ्नु पर्दछ । आकर्षक वस्त्राभूषणबाट वासनात्मक भावनाको सिर्जना हुने भएकाले एकाग्र मनले अध्ययन गर्ने बानीको विकास गर्नुपर्दछ ।

विद्यार्थीहरुले शिष्टाचार, नैतिक मुल्यमान्यता र सदाचारका नियमहरुमा आफूलाई बाँधी आफ्नो जीवनयापन सहज बनाउनु पर्दछ । बाबुआमाको कुरालाई सकरात्मक र मार्गनिर्देशका रुपमा ग्रहण गर्नुपर्दछ । सधैँ हँसिलो अनुहार बनाउनुपर्दछ। सानालाई आदर, वात्सल्य दिँदै ठूलालाई माया गर्नुपर्दछ । खोज अनुसन्धानमा केन्द्रित हुनु नै आफूलाई अपडेट राख्नु हो। जीवनको उद्देश्य भनेको ज्ञान प्राप्त गर्न मात्र नभई मातृभूमिको सम्मान र रक्षा गर्नु, धर्म र संस्कृतिलाई उन्नत गराउनु, अध्ययनशील हुनु हो ।

अचेल शिक्षक र विद्यार्थीको सम्बन्ध पहिलाको तुलनामा पारिवारिक देखिन्छ । विद्यार्थीप्रति शिक्षकले वात्सल्य बर्साउने गरेको पाइन्छ । शिक्षक(विद्यार्थी सम्बन्ध गहिराईमा पुर्‍याउनु नै जीवनले सार्थकता पाउनु हो । विद्यार्थीले शिक्षक नै मेरा लागि सर्वोपरि हो भन्ने सोचको उजागर गर्नुपर्दछ । ज्ञान प्राप्तिको जग नै शिक्षक हो भन्ने सर्वमान्य कुरालाई विद्यार्थीले पनि स्वीकार्नु पर्दछ ।

हेटौंडा

बाँदर

प्रभास घिमिरे

छन्दः- अनुष्टुप्

कालोपाटी समाएर गर्छ सिद्धान्तका कुरा
खाडी लाग छिटो भन्दै उचाल्दै छ सबै भुरा ।
चिथोर्छ सपना जम्मै मान्छे भैदिन्छ काँतर
रेमिटेन्स थुपारेर राज गर्दछ बाँदर ॥१॥

हान्छ झापड सोझामा महङ्गीले सताँउछ
गर्छ भेला सधैँ चेला आफ्नै अस्तित्व गाँउछ ।
आफ्नो काम कहाँ गर्थे पाल्छन् नोकरचाकर
मेरो संसार हो भन्दै राजगर्दछ बाँदर ॥२॥

मुकुण्डो भिर्छ अर्कैको दुवै हात फिजाँउछ
विदेशी दक्षिणा माग्दै मुन्टो आफ्नो झुकाउँछ ।
स्वाभिमान लतारेर आगो झोस्छ स्वयं घर
सपनाको कुवा खन्दै राज गर्दछ बाँदर ॥३॥

गर्दै खलकको भेला एक्लो ऊ बन्छ नायक
रामको नाम जोडेर चोर्छ जे हुन्छ पायक।
यही बाँदरले गर्दा भताभुङ्ग भयो घर
आफै मन्त्री सिपाही भै राज गर्द छ बाँदर ॥४॥

खैरे लङ्गुरको नीति आँखा चिम्लेर पास भो
अर्कैले सुन्दरी लग्दा ढेडुको उठिबास भो ।
यस्ता बाँदरका होलान् ओखती खै कता तिर
नेता झैँ सानले आज राज गर्द छ बाँदर ॥५॥

हेटौंडा -१७, मकवानपुर

श्रमिक पार्क

कृष्ण कुमार साह

हेटौंडा-४ मा श्रमिक पार्क छ । यो पार्क कर्रा खोलाको किनारमा श्रमिक माध्यमिक विद्यालयसँगै रहेको छ । पार्क विद्यालयकै जग्गामा बनाइएको छ। श्रमिक पार्कमा विभिन्न प्रकारका फुलहरु छन् । श्रमिक पार्कमा बालबालिकाहरुलाई खोल्ने ठाउँ र ठुलो मान्छेहरुलाई आराम गर्ने ठाउँ छ । श्रमिक पार्कमा ठुलो मान्छे र बच्चा दुबैलाई व्यायाम (कसरत) गर्ने ठाउँ छ । श्रमिक पार्कको ठाउँ-ठाउँमा मान्छेहरु बस्नका लागि बेन्चको व्यवस्था पनि छ ।

र एउटा, सानो घरजस्तै बस्ने ठाउँ पनि छ । श्रमिक पार्कको छेउछेउमा तारले घेरेको छ। श्रमिक पार्कको छेउमा एउटा चौर छ । त्यसमा मानिसहरुले विभिन्न प्रकारका खेलहरु खेल्छन् । जस्तैः कबड्डी, फुटबल, व्याड्मिन्टन आदि खेलहरु खेलिन्छ। श्रमिक पार्कको छेउमा एउटा खोला छ । जसलाई कर्रा खोला भन्निछ । त्यो कर्रा खोलाको छेउछेउमा पर्खालले घेरेको छ । किनकि यहाँ कर्रा खोलामा बाढी आएको बेला छेउ छेउमा रहेका घरहरुमा पानी जान सक्छ । कर्रा खोला र श्रमिक पार्कको बीचमा पानी जम्मा भएको छ। त्यसमा धेरै जलकुम्भीको फुल फुलेको छ । श्रमिक पार्कमा धेरै घास भयो भने टोलको सबै मिलेर सफा गर्ने गर्छन्। श्रमिक पार्क भित्र गाई, बाख्रा, कुकुर लैजान मनाहि छ ।

कक्षा-६, श्रमिक मावि
हेटौंडा-४, कर्रा

म किसान हुँ

सरफराज अन्सारी

म किसान हुँ भन्दैमा,
कतिपय प्राणीका जीवन पनि हुँ ।
वनस्पतिको एउटा रक्षक पनि हुँ ।
जडिबुटीलाई औषधीको रुप दिने
डाक्टर पनि हुँ ।

खेतबारीमा हलो कोदालो लिई नक्सा कोर्ने
इन्जिनियर पनि हुँ ।
म किसान हुँ ।
कृषि कार्ममै जीवन बिताउने
रचनाकार पनि हुँ ।
अन्नबाली उब्जाई पृथ्वीलाई हेरचाहा गर्ने
नर्स पनि हुँ ।

जन्मभूमिमा खेती गरी विश्वभरी परिचित
आमा पनि हुँ ।
वनस्पतिलाई औँला समातेर चल्न सिकाउने
पिता पनि हुँ ।
म किसान हुँ ।

कृषि कार्यलाई लिखित ढंगले किताबमा छाप्ने
लेखक पनि हुँ ।
वृक्षरोपणलाई गीत–संगीतका रुप दिने
संगीतकार पनि हुँ ।
बोट विरुवालाई उजागर एवम् विकसित बनाउने
शिक्षक पनि हुँ ।
जन्मभूमिलाई अन्नको भन्डार भनेर चर्चित बनाउने
देशभक्त पनि हुँ ।

म किसान हुँ ।
पीडित अवस्था भए तापनि निरन्तर खेति गर्ने
कृषि प्रेमी पनि हुँ ।
विकसित एवम् उन्नत बीउ उपलब्ध गराउन सवाल गर्ने
आन्दोलनकारी पनि हुँ ।
म किसान हुँ

यो माग हाम्रो हो

जनार्दन खनाल

हृदय रोग यो प्रतिष्ठान मकवानपुरमा
यो एकाउन्न सालमा पनि भएको स्थापना
मुटुको रोगी गरेर खोजी रोगको कारण
नलाग्न दिने उपाय साथै यसको निदान ॥

प्रमुख लक्ष्य यही नै बोकी स्थापना भएको
विभिन्न ठाउँ शिविरहरु गरिदै आएको
यसको सत्रौं साधारण सभा गोरक्ष धाममा
गरियो सोह्र गतेको दिन यो भव्य रुपमा ॥

पहिला मुटु रोगको साथै सुगर रोगको
श्री प्रेम राज वैद्यको टोली संलग्न भएको
मुटुको जाँच गरिनु साथ इसिजी गरियो
यी दुवै रोगीहरुको लागी औषधी बाँडियो ॥

आजको सभापतित्व पनि अध्यक्ष आफै हो
श्री हरि वंश भेटवाल अनि उनकै नाम हो
विशिष्ट तथा अतिथीहरु आउनु भएको
पाहुनाहरु आउनु हुँदा छौं खुसी रहेको ॥

संचालन गर्नु भएको थियो श्री सानु काजीले
स्वागत गर्नु भएको पनि भुजेल ध्रुवले
अनिता नानी न्यौपाने ज्यूले आम्दानी खर्चको
सुनाई दिनु भएको थियो यो एक वर्षको ॥

बोलीने वक्ता मध्ये नै बाट श्री ह्य ग्रीवज्यू
अजयराज सुमार्गी अनि श्री भगिरथज्यू
श्री हरि कृष्ण कार्कीको साथ श्रद्धेय विद्वान
हरुले भन्नु भएको पनि निरोगी जीवन ॥

भएर बाँच्न मन छ भने आहार बिहार
गर्दामा ध्यान दिनु नै राम्रो स्वस्थ र सुन्दर
भइन्छ अनि यसको लागी चेतना छर्नु छ
मुटुको रोगीहरुको लागी प्रसार गर्नु छ ॥

वर्षेनी हुन्छ शिविरहरु रोगको मुटुको
रोगीले केही उपचार पाउन भन्ने नै सोच हो
दगुर्नु हुन्छ बिहान साँझ के गर्मी के झरी
आवद्ध धेरै ठाउँमा हुँदा समय कसरी ॥

निकाली पुग्न भएकै हुन्छ आवद्ध संस्थामा
समय नित्य बितेको हुन्छ श्री शुभ कार्यमा
उनको एउटै उदेश्य ठूलो मुटुको भवन
निर्माण गर्ने अठोट साथ उसैमा ध्याउन्न ॥

सबै नै जम्मा भएका थियौ यो जिल्ला समिति
यो स्वस्थ मुटु एउटै लक्ष्य हुँदैन बिमती
श्री हरि वंश अध्यक्ष ज्यूको यसैमा चिन्तन
विस्तार गर्न चेतना छर्न सम्पूर्ण जीवन ॥

पाएमा जग्गा बनाई दिन्छौ अस्पताल मुटुको
भनेर माग्दा पाएनौं जग्गा यो राज्य कस्तो हो
राज्यले पर्थ्यो यो कार्य गर्न उसैको दायित्व
भित्रमा पर्थ्यो हे नेता गण नबिर्सी कर्तव्य ॥

सम्पूर्ण नेता वर्गमा हामी गर्दछौं याचना
अकाल मृत्यु नहोस भन्ने हाम्रो हो चाहना
यो राजधानी भएको हुँदा यसमा मुटुको
व्यवस्था छुट्टै भएमा हुन्थ्यो यो माग हाम्रो हो ॥
जय मुट
बकैंया–४ छतिवन

मकवानपुर सहकारी अस्पतालमा मनोचिकित्सक

मणिपाल कलेजबाट मानसिक स्वास्थ्य विषयमा एमडी गर्नुभई चितवन मेडिकल कलेजमा कार्यरत डा. उद्धव लामा यही हरेक महिनाको तेस्रो शनिबार मकवानपुर सहकारी अस्पतालमा आउनुहुँदैछ । मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएकाको स्वास्थ्य परीक्षण तथा उपचारका लागि अनुरोध गरिन्छ ।

मकवानपुर सहकारी अस्पताल
हेटौंडा-१, भिन्तुनापथ
०५७-५२६५८७

नयाँ वर्षमा म

रिमा घिमिरे

नयाँ वर्षको नयाँ रङ्गहरूमा
म आफूलाई पनि
रङ्ग्याउन चाहन्छु
पुरानो मलाई परिवर्तन गरी
नयाँ म जन्माउन चाहन्छु

वसन्तको हरियालीसरी
सदा हराभरा भई
मेरो जीवनमा पनि
हरियाली ल्याउन चाहन्छु
चमेलीको बास्ना झैँ म पनि
मगमगाउन चाहन्छु
वसन्तको आगमनमा
खुसी हुँदै गीत गुनगुनाउने
कोइलीको सुमधुर
आवाजसँग लय मिलाइ
म पनि मिठो गीत
गुनगुनाउन चाहन्छु
ढकमक्क भै एकै ठाउँमा
फूलेका पुष्प गुच्छा झै
जीवनका खुसीहरूलाई
एउटै गुच्छामा उन्न चाहन्छु

ग्रीष्मको राप र तापसँगै
जीवनका कठिन परिस्थितिमा
आइपुगेका चुनौती र
सङ्घर्षका साङ्लाहरू चुडाउँदै
म अघि अघि धेरै अघि
बढ्न चाहन्छु
वर्षा ऋतुमा आउने
वर्षाका भेल झैँ
मनभित्रका गुम्सिएका
मेरा व्यथाका बाँधहरू फुकाएर
निर्धक्कसँग आँखाबाट वेदना
र व्यथाका भेलहरू बगाउनेछु
तर व्यथा र वेदनाका
भेलहरू बगिसकेपछि
खुसीयाली प्रकट गर्न
नृत्य गर्ने त्यो मुजुरले झै
खुसीका प्वाँखहरू फिजाइ
म पनि फेरि
जीवनसँग मुस्कुराउनेछु
किसानले थन्क्याउने
धानका ती चाङ्गहरूसँगै
मेरा खुसीका चाङ्गहरूमा
म एकपछि अर्को
खुसीका चाङ्ग थप्नेछु
ममा भएका अकुशल कुराहरूलाई
पतझडमा झरेका पतकरहरू
मिल्क्याए झैँ मिल्क्याउन चाहन्छु ।

यो नयाँ वर्षमा म आफूलाई
परिवर्तन गर्न चाहन्छु
पुरानो मलाई परिवर्तन गरी
नयाँ म जन्माउन चाहन्छु ।

हेटौँडा-५

आमा !

सरोजप्रसाद साह

तुफानी हावा जब जब चले, तब तब आमा ओत झैं बने ।
औंला समाती जब चल्न थालें, चराको भाँती उडन थालें ॥
जब जब सास विराम लिन थाले, तब हुन्छ वर्षात आमा नयनबाट आमा ॥।
आमा मेरी आमा, आमा मेरी आमा ॥॥

आशाको दियो जलाई राख, ईश्वरको ढोका म बनी दिन्छु ।
मन्दिरलाई यस्तै सजाई राख, आँगनमा फूल म रोपिदिन्छु ॥
काखमा मलाई समाई राख, संकट सारा म पिई दिन्छु ॥।
नरोऊ आमा विश्वास राख, दुनियाँ सारा म जीतिदिन्छ ॥॥

वर्षमा न्यानो छत हो आमा, चिसोको जुनेली रातमा आमा ।
तुलसीको जस्तै पवित्रमा आमा, आकाश-वायु, धर्तीमा आमा ॥
गर्मीमा पतझर सर्दीमा आमा, जीवनको आदि र गतिमा आमा ॥।
आमा मेरी आमा, आमा मेरी आमा ॥॥

संसार घुमें, पर्वतमा चढें ।
यज्ञ, तपस्या र ध्यानमा बसें ॥
मखमल र रेशमको विस्तरमा खोजें ॥।
होटलको खाना र खाजामा खोजें ॥॥
तिम्रो काखको जस्तो शान्ति पाईन ॥॥।
यो जीवनको पपुस्तकको छिन् पाना पाना ॥॥॥
आमा मेरी आमा, आमा मेरी आमा ॥॥॥।

कहाँ कहाँको-कता कताको, डुबेको सपना, लत्रेको सपना ।
पुरा हुँदैं छ, मादल बजाऊ, भावुक नहोऊ उत्सव मनाऊ ॥
पिसिएका सपना, मिचिएका सपना, आमाको सपना, आमाको सपना ॥।
हेलो मेरो गुरुआमा, आमा मेरी आमा, आमा मेरी आमा ॥॥

तपाईका साहित्यिक रचनाहरू समृद्ध समाज दैनिकमा प्रकाशन गर्ने ईच्छा भए
sambridhasamaj@gmail.com
समृद्ध समाज राष्ट्रिय दैनिक

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

सा‍ताको राशिफल

पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

मेष राशिः सहयोगीको सहायताले बिग्रनै लागेको काम पनि बन्ने योग छ । रोकिएका कामहरु बन्लान् । प्रसिद्धि कमाउने र नाम राख्ने योग छ । व्यापार–व्यवसाय मध्यम । कर्तव्य र स्वास्थ्यका बारेमा पनि बिचार पुऱ्याउनुपर्ला । शिक्षादीक्षा सोचे अनुरुप नै हुने समयको योग छ । धार्मिक र सामाजिक अनि साँस्कृतिक काममा सरिक भइएला ।

वृष राशिः निराशा खिन्नता भएको वातावरण भएपनि आत्मबल र हिम्मतले काम हुने छ । पारमार्थिक काममा झुकाव बढ्ने छ । अप्ठ्यारा बाधा हटाउन सहयोगीको सहायता होला । व्यापार–व्यवसायमा चुनौति थपिएला । चोटपटकको भय बढ्न सक्छ । परीक्षा र प्रति–स्पर्धाक गोपनियतामा ध्यान दिँदा राम्रो होला । धार्मिक सामाजिक काममा सरिक भइनेछ ।

मिथुन राशिः आत्मीयता बढ्ने अनि साथीभाइसँग रमाइने समय छ । आत्मबल र उत्साहमा वृद्धि हुनेछ । तर्क, विवाद र बहसमा विजय भइएला । कल्पनाशील र भावुक बनिने समय छ । शिघ्र हतार नगर्दा राम्रो होला । कला सम्बद्ध विषयमा रुचि जाग्ला । धार्मिक तथा परोपकारजन्य काममा सरिक भइएला । पढाइ–लेखाइ र व्यापार–व्यवसाय मध्यम मान्नुपर्दछ ।

कर्कट राशिः हिम्मतले चुनौतिहरु पन्छाइएला । नियमको पालनाले लक्ष्यमा पुग्न बिलम्ब होला । अनावश्यक खर्च बढ्न सक्छ । जालझेल र ठगीबाट बच्दा राम्रो । कार्यक्षेत्र र व्यापार–व्यवसायमा रमाइएला । शारीरिक थकान र बेचैनीको समय योग छ । परोपकारजन्य र सामाजिक काममा सरिक भइएला । पढाइमा परिश्रम अनुसार प्रतिफल होला ।

सिंह राशिः बौद्धिक कार्यका माध्यमबाट प्रतिष्ठा कमाइला । हाँके ताकेका कामहरु सफल हुनेछन् । रचनात्मक कार्यमाा जुट्ने समय छ । प्रतिस्पर्धी पराजित हुनेछन् । आफूभन्दा ठूलाबाट सहयोग प्राप्त होला । प्राविधिक र सीपमूलक क्षेत्रमा आकर्षण बढ्ला । विद्यार्थी वर्गका लागि अलि बढी मिहिनेत गर्नुपर्ला । सामाजिक दायित्व बढ्ला ।

कन्या राशिः समयानुकुल चल्नु पर्ला । महत्वकांक्षी योजना गोप्य राख्दा राम्रो । घर–परिवारमा किचलो बढ्न सक्छ । घर खर्च र खर खाँचो टार्न धन व्यय हुने समय छ । दौडधूप गर्नुपर्ने समय छ । व्यापार–व्यवसाय मध्यमकारक रहला । गोपनीय कुरा सार्वजनिक हुँदा खिन्नता बढ्नेछ । अध्ययन–अध्यापनमा मन जाला । धार्मिक काममा सरिक ।

तुला राशिः समय सामान्य नै छ ।कर्तव्य र दायित्वका बारेमा गम्भीर बनिने समय छ । पदीय जिम्मेवारी पूरा हुनेछ । यात्रा र भेटघाटमा समय बित्ला । सामाजिक र परोपकारजन्य काममा सरिक भइएला । व्यापार–व्यवसायका क्षेत्रहरु मध्यम नै रहलान् । अध्ययन–अध्यापनका कामहरुबाट लाभ होला । अनविज्ञ विषयमा सहयोग लिँदा राम्रो ।

वृश्चिक राशिः समय सामान्य नै रहेको छ । चुनौति र बाधा हटाउन सकिने समय छ । सभा समारोहमा सरिक भइने छ । साहित्यिक कार्यमा रुची बढ्ला । वैदेशिक प्रयोजनका काममा सल्लाहले गर्दा राम्रो । पढाइ–लेखाइ ठिकै छ । धार्मिक र सामाजिक काममा सरिक भइएला । मिहिनेत र परिश्रमले काममा सफलता मिल्ला । परोपकारमा रमाइएला ।

धनु राशिः लगनशीलता र मिहिनेतले भविष्य सुदृढ बनाइने छ । देखिएका चुनौतिहरु समाधान होलान् । पारिवारीक मतभेद बढ्न सक्छ । आवेगहरुलाई दमन गर्दा राम्रो । व्यापार–व्यवसाय ठिकै छ । घमण्ड र अहंकारबाट टाढा रहनु राम्रो होला । सहयोगीबाट शुभकामना थपिनाले सन्तुष्टि र आनन्दको अनुभूति बढ्ला । सामाजिक दायित्व थपिएला ।

मकर राशिः व्यवहारिक खर्च बढ्ला । कार्यक्षेत्रमा देखिएका चुनौति र समस्या समाधान होलान् । धर्म/सँस्कृति सँग सम्बन्धित काममा सरिक भइनेछ । भोज भतेर र सामाजिक अनि परोपकारजन्य काममा सरिक भइएला । आत्मबल दरो बनाएर अघि बढ्नुपर्ला । व्यापार–व्यवसायको आयमा उतारचढाप आउला । आर्थिक पक्ष बाधक बन्ला । शिक्षादीक्षाका क्षेत्रमा द्विविधा बढ्ला ।

कुम्भ राशिः आय– आम्दानीमा वृद्धि र नयाँ कामको थालनी बढ्न सक्छ । लगनशील बन्नलाले भविष्य राम्रो होला । बुद्धि र विवेकको सही प्रयोगले शत्रु पराजित होलान् । प्रयासले रोकिएका काम र फसेको धन प्राप्त होला । व्यापार–व्यवसाय ठिकै छ । अध्ययन–अध्यापन दुवै क्षेत्र मध्यमकारक नै मान्नुपर्दछ । परिश्रमले चर्चा होला । सामाजिक दायित्व बढ्ने समय छ ।

मीन राशिः मातापिताको शुभाशीष र सहानुभूति प्राप्त होला । अरुलाई प्रभावित पारेर काम बनाउने समय छ । प्रतिष्ठित कामले मन लोभ्याइएला । ठूलासँग मित्रता बढ्ला । व्यापार–व्यवसाय ठिकै देखिन्छ । सामाजिक परोपकारजन्य काममा सरिक भइनेछ । शारीरिक अस्वस्थता र चोटपटकको भय बढ्ने छ ।विद्यार्थी वर्गका लागि ठिकै समय छ ।

स्वादिष्ट नेवारी खाजा
अब
होटल बासुकला (फास्टफुड) मा
() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
() नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

स्टेफनको ह्याट्रिकमा जावलाखेलको हार

HamroKhelkud © 2023
हाम्रो खेलकुद
HamroKhelkud © 2023

काठमाडौंः क्यामरुनी फरवार्ड स्टेफन समिर विनोडको ह्याट्रिक सहयोगमा एफसी खुमलटारले सहिद स्मारक 'ए' डिभिजन लिगको शीर्षस्थानमा जावलाखेल युथ क्लबमाथि सानदार जित दर्ता गरेको छ। खुमलटारले शीर्षस्थानको जावलाखेलमाथि ४-२ को सानदार जित दर्ता गरेको हो। खुमलटारको जितमा स्टेफनले ह्याट्रिक पूरा गर्दा मेसुके ओलोमोउले एक गोल थपे। जावलाखेलका विनोद केसीले एक गोल गर्दा एक गोल उपहार पाएको थियो।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा शुक्रबार भएको खेलको २०औं मिनेटमा स्टेफनको गोलबाट खुमलटारले १-० को अग्रता लिन सफल भएको थियो। मेसुकेको पासलाई स्टेफनले नियन्त्रणमा लिदै एक डिफेन्डरलाई बिट गर्दै गोल गर्न सफल भएका थिए। ४३औं मिनेटमा रोहित सुब्बाले आत्मघाती गोल गरेपछि खेल १-१ गोलको बराबरीमा पुग्यो। कर्नरबाट आएको बलमा घम्साघम्सीबीचबाट एनकोटो मसोएबीको प्रहार रोहित सुब्बालाई लाग्दै गोलमा परिणत भएको थियो।

पहिलो हाफको इन्ज्युरी समयको थप गरिएको तेस्रो मिनेटमा स्टेफनले व्यक्तिगत र टोलीका लागि दोस्रो गोल गर्दै खुमलटारलाई पहिलो हाफमा २-१ को अग्रता दिलाए। राजीव लोप्चनको क्रस पासलाई नियन्त्रणमा लिदै स्टेफनले एक डिफेन्डरलाई बिट गर्दै पहिलो बार च्याप्दै गोल गर्न सफल भएका थिए। ५१औं मिनेटमा स्टेफनले ह्याट्रिक पूरा गर्दा खुमलटार ३-१ ले अघि बढ्यो। जारी लिगमा स्टेफन ह्याट्रिक गर्ने दोस्रो खेलाडी बनेका छन्। यसअघि मछिन्द्रका ओलावाले ओलाडिपो अफिजले ह्याट्रिक पूरा गरेका थिए। मेसुकेको क्रस पासलाई उनले अघि बढ्दै वान टचमा गोल गर्न सफल भएका थिए।

इन्ज्युरी समयको थप गरिएको तेस्रो मिनेटमा विनोल केसीले गोल गर्दै खेललाई ३-२ को स्थितिमा ल्याए। फ्रिकिकबाट आएको बललाई एनकोटोले हेडरमार्फत मिलाइदिएको हेडर पासलाई विपिन कँडेलको प्रहारलाई विनोले फाइनल टच दिए। इन्ज्युरी समयको थप गरिएको छैटौं मिनेटमा मेसुकेले गोल गर्दै खुमलटारलाई ४-२ को सानदार जित दिलाए। यस जितसँगै खुमलटार १५ खेलबाट १७ अंक जोडेर ११औं स्थानमा उक्लिएको छ। पराजित जावलाखेलले शीर्षस्थानमा आफ्नो अग्रता बढाउने अवसर गुमाउँदा १५ खेलबाट २४ अंक जोडेर शीर्षस्थानमा यथावत् छ।

स्रोतः हाम्रो खेलकुद।

रेडक्रस सरिखेत उपशाखामा पुनः थिङ

समाज संवाददाता

हेटौंडाः नेपाल रेडक्रस सोसाइटी सरिखेत उपशाखाको सभापतिमा पुनः चित्रबहादुर थिङ चयन हुनुभएको छ। शुक्रबार भएको अधिवेशनबाट थिङ दोस्रो कार्यकालका लागि सभापति चयन हुनुभएको हो।

थिङको सभापतित्वमा ११ सदस्यीय नयाँ कार्यसमिति चयन भएको छ। समितिको उपसभापतिमा सीतामाया सिङ्तान, सचिवमा थापाबहादुर दोङ, सहसचिवमा रवीनकुमार चेपाङ, कोषाध्यक्षमा सानुमाया नेगी र सहकोषाध्यक्षमा तुलबहादुर राना चयन हुनुभएको हो। यस्तै, सदस्यहरुमा संगीता तामाङ, मोहन वाइबा, वीरसिंह थोकर, केशव भारती र सूर्यबहादुर लो सर्वसम्मत चयन हुनुभएको अध्यक्ष थिङले जानकारी दिनुभयो। नयाँ कार्यसमितिको कार्यकाल २ वर्षको रहनेछ।

अधिवेशनमा नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला सभापति लालबहादुर थापा, निर्वाचन प्रमुख शिवहरि दाहाल, मन्त्री सुमित्रा काफ्ले, रेडक्रस सोसाइटी मकवानपुरका कोषाध्यक्ष ईश्वर बर्तौला, कार्यालय प्रमुख लक्ष्मण भट्टराई र राक्सिराङ-३ का वडा सदस्य केदार सुवेदीलगायतको उपस्थिति रहेको थियो।

हेलिकप्टर दुर्घटना एकजनाको मृत्यु

काठमाडौंः संखुवासभामा सिम्रिक एयरको हेलिकप्टर दुर्घटनामा एक जनाको मृत्यु भएको छ। दुर्घटनामा परी गम्भीर घाइते भएका भविन गुरुङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रवक्ता भुवनबाबु खड्काले जानकारी दिए। मृतक गुरुङले हेलिकप्टरमा सहयोगीका रुपमा काम गर्दै आएका थिए।

माथिल्लो अरुण हाइड्रो पावरका सामान गोला भन्ने स्थानबाट सिप्रुङ भन्ने स्थानमा लैजाँदै गर्दा भोटखोला गाउँपालिका वडा नम्बर ४ सिप्रुङमा हेलिकप्टर दुर्घटनामा परेको हो। दुर्घटनामा क्याप्टेन सुरेन्द्र पौडेल, को-पाइलट छिरिङ भोटे, अर्का सहयोगी मनोज थापा र नेपाल विद्युत् प्राधिकरणका कर्मचारी विक्रम शंकर घाइते भएका प्रहरीले जनाएको छ। घाइते चारै जनालाई उपचारका लागि काठमाडौं ल्याइएको छ। क्याप्टेन सुरेन्द्र पौडेल, कोपाइलट छिरिङ भोटे, सहयोगी मनोज थापालाई घटनास्थलबाटै उद्दार गरेर काठमाडौं ल्याइएको हो।

स्रोतः अनलाइनखबर।

चितवनमा एक जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-२, क्षेत्रपुरमा एक जना मानिसको मृत्यु भएको छ। मृत्यु हुनेमा काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका-६ घर भई हाल क्षेत्रपुरमा डेरा गरी बस्ने ४२ वर्षीय धर्मराज कार्की क्षेत्री रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

क्षेत्री ५ दिनआगाडि आफ्नै बा.प्र.०६-००२ प २१६५ नम्बरको मोटरसाइकल अनियन्त्रित भई पल्टिँदा सामान्य घाइते भएका थिए। घाइते क्षेत्री सिटी हस्पिटल भरतपुरमा उपचारपश्चात् डेरामा गई बसेकोमा बिहीबार बिरामी भई उपचारका लागि जिल्ला अस्पताल लगिएकोमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!
नयाँ वर्ष एवम् शैक्षिक सत्र २०८० को शुभकामना
यही मिति २०८० वैशाख ३ गतेदेखि अंग्रेजी र नेपाली दुबै माध्यममा कक्षा नर्सरी देखि कक्षा ९ सम्म भर्ना खुल्यो।

CHANDRODAY S.S. HETAUDA-8
श्री चन्द्रोदय माध्यमिक विद्यालय
हेटौंडा-८, मकवानपुर

हार्दिक आभार

नेपाल रेडक्रस सोसाइटी सरिखेत उपशाखाको मिति २०८० साल बैशाख २२ गते शुक्रबार सम्पन्न साधारणसभाबाट दोस्रो कार्यकालका लागि मलाई सर्वसम्मत सभापति चयन गर्नुभएकोमा हार्दिक आभार व्यक्त गर्दछु।
चित्र बहादुर थिङ, सभापति
नेपाल रेडक्रस सोसाइटी सरिखेत उपशाखा
राक्सिराङ, मकवानपुर

बेवारिसे पुरुषको उद्दार

समाज संवाददाता

हेटौंडाः हेटौंडा-९, लामसुरेधापमा रहेको मानवसेवा आश्रमले एक पुरुषलाई बेवारिसे अवस्थामा बिहीबार उद्दार गरिएको छ। आश्रमले मकवानपुरको भीमफेदी गाउँपालिका-८ घर बताउने मोतीबहादुर रेग्मीको उद्दार गरिएको हो।

हेटौंडा-१ स्थित ॐ वृद्धाश्रममा ५ वर्ष आफ्नो जीवन बिताउनुभएका रेग्मी पुनः सडकमा आउनुभएको मानवसेवा आश्रमका अभियन्ता होमनाथ पौडेलले जानकारी दिनुभयो। उक्त आश्रमबाट निस्केर विगत ४ महिनादेखि सडक जीवन बिताइरहेको पाइएको उहाँको भनाइ छ। मकवानपुर उद्योग वाणिज्य संघको भवन आसपासबाट शरीरको कम्मरदेखि तल्लो भाग नचल्ने अवस्थामा रेग्मीको उद्दार गरिएको पौडेलले जानकारी दिनुभयो। उद्दार गरिएका रेग्मीको परिवारलाई मानवसेवा आश्रममा सम्पर्क गर्न आग्रह गरिएको छ।

समृद्ध युवा बचत कोषद्वारा शैक्षिक सामग्री वितरण

समाज संवाददाता

हेटौंडाः हेटौंडा-७, नागस्वतीस्थित समृद्ध युवा बचत कोषले दुई वटा विद्यालयका विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको छ। शुक्रबार बुद्ध जयन्तीको अवसर पारेर हेटौंडा-८, कमानेमा रहेको चन्द्रोदय माध्यमिक विद्यालय र हेटौंडा-७, नागस्वतीमा रहेको नवज्योति माध्यमिक विद्यालयका विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको हो।

दुबै विद्यालयका तीन-तीन जना छात्रछात्रालाई शैक्षिक सामग्री हस्तान्तरण गरिएको कोषका अध्यक्ष दिपेश लामिछानेले बताउनुभयो। विद्यालयका जेहेन्दार विद्यार्थीहरुलाई शैक्षिक क्षेत्रमा अगाडि बढ्न थप सहयोग प्राप्त होस् भन्ने उद्देश्यले शैक्षिक सामग्री वितरण गरिएको लामिछानेको भनाई छ। शैक्षिक सामग्री प्राप्त गरेका विद्यार्थीलार्य भविष्यमा पनि सहयोग गर्ने अध्यक्ष लामिछानेले प्रतिबद्धता व्यक्त गर्नुभयो।

शैक्षिक सामग्री वितरण कार्यक्रममा कोषका अध्यक्ष लामिछानेको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिका वडा नम्बर ७ का निवर्तमान अध्यक्ष राजन थापा क्षेत्रीको प्रमुख आतिथ्य रहेको थियो। कार्यक्रममा टिम टेलिभिजनका प्रोप्राइटर नवराज खतिवडा, चन्द्रोदय माध्यमिक विद्यालयका प्रधानाध्यापक जिधराज ढकाल, नवज्योति माध्यमिक विद्यालयका व्यवस्थापन समिति अध्यक्ष श्रीकृष्ण थापा मगर, विद्यालयका शिक्षक सिर्जना अधिकारी, सेफ जोनका प्रोप्राइटर विकास दुलाल, कोषका संस्थापक अध्यक्ष किरण लामिछाने, संस्थापक उपाध्यक्ष सञ्जय श्रेष्ठ, पूर्वअध्यक्ष सुशील सुवेदी, प्रमुख सल्लाहकार युवराज गौतमलगायत पदाधिकारीहरुसहित सदस्यहरुको सहभागिता थियो।

१९ विद्यालयको कक्षा घटुवा

नुवाकोटः नुवाकोटको बेलकोटगढी नगरपालिकाले विद्यार्थी संख्या कम भएका १९ सामुदायिक विद्यालयको तह समायोजन (कक्षा घटुवा) गरेको छ। शैक्षिक सत्र २०७८/७९ मा निरन्तर विद्यार्थी संख्या घटेर न्यून भएपछि कार्यपालिका बैठकमार्फत कक्षा घटुवाको निर्णय गरिएको नगरप्रमुख जगतबहादुर गुरुङले जानकारी दिए।

पालिकाले गठन गरेको 'अनुगमन कार्यदल'ले पटक-पटक (भदौदेखि चैतसम्म) स्थलगत रुपमा गरेको अनुगमन र परीक्षामा सहभागी विद्यार्थी संख्यालाई यकिन गरेर कम विद्यार्थी भएका विद्यालयको माथिल्लो कक्षा नजिकैको अर्को विद्यालयमा समायोजन गरिएको हो। 'विद्यालयले विद्यार्थी सङ्ख्या धेरै देखाए पनि विभिन्न स्रोतबाट त्यो सङ्ख्या गलत हो भन्ने सूचना आएपछि अनुगमन गर्दा निकै कम विद्यार्थी उपस्थित हुने गरेको पाइयो', नगरप्रमुख गुरुङले भने, 'विद्यार्थी कम भएका विद्यालयले अनुगमनमा पुगेका कार्यदलका पदाधिकारीलाई घरमा चाडपर्व परेको, अभिभावक घरायसी काममा व्यस्त भएको लगायतका बहाना बनाए पनि परीक्षामा वास्तविक विद्यार्थी सहभागी हुने भएकाले अनुगमन र परीक्षामा सहभागी संख्याअनुसार न्यून पाइएको विद्यालयको माथिल्लो कक्षा अर्को व्यवस्था नभएसम्म घटुवा गरिएको हो।'

कक्षा घटुवामा पर्नेमा आधारभूतसहित माध्यमिक तहको विद्यालयसम्म रहेका छन्। अधिकांश बालकक्षादेखि कक्षा १ सम्म पढाउन पाउने गरेर कक्षा घटुवा गरिएको छ। बेलकोटगढी-१२ मा रहेको चण्डीदेवी माविमा शैक्षिक सत्र २०७९ मा विद्यालयले एक सय १६ विद्यार्थी देखाए पनि नियमित उपस्थिति र परीक्षामा सहभागी विद्यार्थी ५१ जना मात्रै पाइएकाले उक्त विद्यालयलाई बालविकासदेखि कक्षा ३ सम्म अध्यापन गराउने भनेर कक्षा घटुवा गरिएको छ। सो विद्यालयसहित विभिन्न १९ विद्यालयले पेस गरेको तथ्याङ्कभन्दा अनुगमन र परीक्षामा सहभागी विद्यार्थी निकै न्यून रहेकाले बाध्य भएर कक्षा घटुवाको निर्णय गरिएको नगरउपप्रमुख शिवप्रसाद दाहालले जानकारी दिए।

कक्षा घटुवामा परेका विद्यालयले प्रत्येक कक्षामा न्यूनतम १५ जना विद्यार्थी पुऱ्याउन सकेमा उक्त निर्णय संशोधन तथा पुनः विचार गरिनेछ।' विद्यार्थी बढाएमा साबिकको कक्षा कायम गर्न सकिन्छ कि भनेर जारी रहेको भर्ना अभियानमा बालबालिका खोज्न व्यवस्थापन समिति र शिक्षक सक्रिय भएर लागिरहेका छन्', उपप्रमुख दाहालले भने। बेलकोटगढी नगरपालिकाभित्र हाल १९ माध्यमिकसहित ५४ सामुदायिक विद्यालय सञ्चालित छन्। पालिकाको जनप्रतिनिधिले शिक्षाको गुणस्तर वृद्धिसहित विद्यार्थीलाई सामुदायिक विद्यालयप्रतिको आकर्षण बढाउने, स्थानीय पाठ्यक्रम लागू गर्ने, सीप तथा क्षमतासहितको प्राविधिक शिक्षालाई जोड दिने नीति अवलम्बनलाई प्राथमिकता दिँदै आएको बताएका छन्।

स्रोतः अनलाइनखबर/रासस।

हेटौंडा अस्पताल
बागमती प्रदेश, हेटौंडा
अस्पतालमा स्वास्थ्य सेवा लिन आउनु हुने महानुभावलाई स्वागत छ।
हेटौंडा अस्पतालमा पाउने सेवा सुविधा
सेवाहरू
हाडजोर्नी विशेषज्ञ सेवा : शल्यक्रिया सेवा
बालरोग सेवा : फिजियोथेरापी
प्रसुति सेवा : न्यूरो सेवा
दन्त सेवा : आयुर्वेद सेवा
फिजिसियन सेवा : क्याविन सेवा
नाक, कान, घाँटी सेवा : छाला रोग सेवा

विशेष सेवा
ICU, HDU : ART सेवा
Dialysis : OT/Post/OP
General Lab (PCR) : सर्जिकल वार्ड सेवा
Endoscopy : मेडिकल वार्ड सेवा
USG : सामाजिक सेवा ईकाई
CT SCAN : OCMC सेवा
ECG : जेरायट्रिक वार्ड सेवा
MRI शिघ्र रुपमा सुचारु हुँदै
NICU/PICU शिघ्र रुपमा सुचारु हुँदै
टिकट खुल्ने समय : बिहान ७ बजे देखि ११ बजे सम्म
बिरामी पुर्जा काट्ने समय : बिहान ७ बजे देखि ११ बजे सम्म
Emergency काउन्टर २४ सै घण्टा
फार्मेसी सेवा २४ सै घण्टा
Online टिकट सेवा
Emergency सेवा
ओ.पि.डी खुल्ने समय
बिहान १० बजे देखि ३ बजे सम्म
शुक्रबार १० बजे देखि १ बजे सम्म
खाजा/खाना खाने समय १ बजे देखि २ बजे सम्म
OT Day (अप्रेसन हुने बार)
हाडजोर्नी : आइतबार र बुधबार (OPD बन्द हुने छ।)
शल्यक्रिया : सोमबार र बिहीबार (OPD बन्द हुने छ।)
प्रसुति : मंगलबार र शुक्रबार (OPD सबै बार खुल्ला हुने छ।)
नाक, कान, घाँटी : आइतबार र बुधबार (OPD बन्द हुने छ।)
Administrative Department
खुल्ने समय आइतबार देखि बिहीबार बिहान १० बजे देखि ५ बजेसम्म
शुक्रबार बिहान १० बजेदेखि ३ बजेसम्म
सम्पर्कः ०५७-५२३७९८, ५२०३०५